नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायता मन्त्रालय

# सडक विभाग

## जिन्सी मालसामान लिलाम बढाबढ सम्बन्धी बोलपत्र आव्हानको सूचना

सुचना प्रकाशन मिति:- २०७७/११/०६

यस विभागका पुराना तपशिल बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम विक्रि गर्नुपर्ने भएकोले लिन चाहने ईच्छुक मु. अ. कर वा प्यानमा दर्ता भएका व्यक्ति/फर्म/कम्पनी/सघ संस्थाले बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।सूचना यस विभागको वेवसाईट www.dor.gov.np मा समेत हेर्न सकिने छ ।

तपशिल:-

| लिलाम हुने सामानहरु | न्युनतम मुल्य मु अ कर बाहेक | बोलपत्र फाराम दस्तुर र पाइने स्थान | धरौटी वा बैंक जमानत रकम | बोलपत्र पेश गर्ने र खोल्ने स्थान मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| पुराना फर्निचर, कम्प्युटर/प्रिन्टर लगायतका मेसिनरी सामान र साईकल तथा अन्य कार्यालय सामान | ११६३४/- | तोकिए बमोजिमको बैंक खातामा रु १०००/- जम्मा गरी गरी विभागको आन्तरिक व्यवस्थापन शाखाबाट प्राप्त गर्न सकिने । | बोल कबोल गरेको रकमको १०% ले हुने रकम | यो सूचना प्रकाशित मितिले ७ दिन भित्र खरिद गरि ८ औ दिन (मिति २०७७/११/१३ गते ) को १२:०० बजे सम्म पेश गर्ने र सोहि दिनको २:०० बजे विभागमा खोलिने छ । | |

शर्तहरु:

१. नेपाल बैंक लि मा रहेको राजस्व खाता नम्बर ००१०१०००००००१००१००१ मा राजस्व शिर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा यस विभगको कार्यालय कोड ३३७०१३४०१ उल्लेख गरी रु १०००/- (अक्षेरुपी एक हजार मात्र फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरी यस विभागको आन्तरिक प्रशासन शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. ईच्छुक ईजाजत प्राप्त फर्मको हकमा फर्म दर्ताको प्रमाणित प्रतिलिपी आ. ब. २०७६/७७ को कर चुक्ता प्रमाण पत्र र व्यक्तिको हकमा प्यान न. र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।

३. बोल कबोल गरेको रकमको १०% ले हुने रकम नेपाल बैंक लि. मा को. ले. नि. का. ललितपुरको नाममा रहेको धरौटी खाता न ०१८०२००००००००३५००००५१ मा यस विभागको कार्यालय कोड ३३७०१३४०१ मा जम्मा गरेको भौचर वा बाणिज्य बैंकबाट जारी बैंक जमानत पेश गर्नुपर्ने छ ।

४. बोलपत्र दाखिला गर्दा खाममा लिलाम बढाबढको बोलपत्र दाताको नाम ठेगाना सम्पर्क नम्बर समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्ने छ ।

५. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइने छ ।साथै केरमेट गरेको स्थानमा सही गरी छाप लगाएको हुनु पर्ने छ अन्यथा मान्यता दिइने छैन ।

६. लिलाम सम्बन्धी बोपलपत्र स्वीकृत भएपछी १५ दिन भित्र कबोल रकम दाखिला गरी सामान उठाइ लैजानु पर्ने छ ।अन्यथा बोलपत्र रद्द गरी जमानत/धरौटी रकम जफत गरिने छ ।

७. लिलाम गर्ने मालसामान कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिने छ ।

८. लिलाम गर्ने मालसामान जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सकार गर्नु पर्ने छ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार विभागमा रहने छ ।

१०.अन्य कुनै विषय बुझ्नुपर्ने भएमा यस विभागको फोन नं ०१–५५३२१४९ सम्पर्क गर्न सकिने छ ।

११.यसमा नपरेका शर्तहरु प्रचलित कानून बमोजिम हुने छ ।